पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ | पोखरा | खण्ड : ३९ | प्रमाणित मिति: २०७७ कार्तिक ०४ गते

## भाग २

**पोखरा महानगरपालिका**

**निजी जग्गाबाट प्राकृतिक स्रोत–साधनको संकलन, उत्खनन तथा ओसारपसारको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७**

**प्रस्तावना** : पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०७७ ले निजी जग्गावाट ढुङ्गा, गिट्टी, वालुवा चिप्स, ग्राभल, पुरुवा, माटो, चट्टान, स्लेट जस्ता खानीजन्य पदार्थको उत्खनन् तथा ओसारपसारको इजाजत दिने व्यवस्था गरेकोले र ऐनको सो व्यवस्थालाई कार्यान्वयन गर्न इजाजत प्रदान गर्ने सम्वन्धी कार्यविधि बनाई लागू गर्न वाञ्छनीय भएकोले,

पोखरा महानगरपालिकाको कर तथा गैर कर सम्वन्धी ऐन, २०७७ को दफा २० ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाले यो कार्यविधिबनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम " निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन तथा बिक्रीवितरणको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि पोखरा महानगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**खानीजन्य पदार्थ**"भन्नाले भूगर्भ वा भूसतहमा रहेको ढुङ्गा, गिट्टी, वालुवा चिप्स, ग्राभल, पुरुवा, माटो, चट्टान, स्लेट आदि पदार्थ सम्झनुपर्छ ।

(ख) "**कार्यालय**"भन्नाले पोखरा महानगरपालिका, नगर कार्यपालिकाको

कार्यालय सम्झनुपर्छ ।

(ग) “**अनुगमन समिति**”भन्नाले पोखरा महानगरपालिकाको नगरस्तरीय अनुगमन समिति सम्झनुपर्छ ।

(घ) “**नगरपालिका**”भन्नाले पोखरा महानगरपालिका सम्झनुपर्छ ।

(ङ) “**कार्यविधि**”भन्नाले निजी जग्गाबाट प्राकृतिक स्रोत साधनको उत्खनन तथा बिक्री वितरणको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७ सम्झनुपर्छ ।

(च) “**उत्खनन**”भन्नाले भूसतहमा आउने परिवर्तनको कारणले वातावरणमा प्रतिकूल प्रभावन पार्ने गरी भूगर्भमा रहेको पदार्थ झिक्ने कार्य सम्झनुपर्दछ ।

(छ) “**चलानपुर्जा**” भन्नाले संकलन वा उत्खननवाट निस्केका खानीजन्य पदार्थ तोकिएको स्थानमा लैजान महानगरपालिकावाट इजाजत प्राप्त व्यक्तिले परिमाण तथा ढुवानी साधनको नम्वर तथा मिति खुलाई जारी गरेको कागजात सम्झनुपर्दछ ।

३. **कार्यविधि लागू हुने क्षेत्र** : यो कार्यविधि पोखरा महानगरपालिकामा रहेको निजी स्वामित्वको जग्गावाट मानवीय शक्ति वा यान्त्रिक उपकरणको प्रयोगबाट खानीजन्य पदार्थ उत्खनन गरिने कार्यका लागि मात्र लागू हुनेछ ।

४. **इजाजत लिनुपर्ने** : यस कार्यविधि बमोजिम नगरपालिकावाट इजाजत नलिई कुनैपनि संस्था वा व्यक्तिले आफ्नो स्वामित्वमा रहेको जग्गाको सतह वा भूगर्भमा रहेको ढुङ्गा, गिट्टी, वालुवा, चिप्स, ग्राभल, पुरुवा, माटो, चट्टान, स्लेट आदि पदार्थ उत्खनन वा संकलन गर्न पाउने छैन ।

५. **जरिवाना लाग्ने** : नगरपालिकावाट इजाजतन लिई उत्खनन् वा संकलन गरेको पाइएमा नगरपालिकाले सामान जफत गरी आर्थिक ऐन बमोजिम जरिवाना गर्नेछ ।

# परिच्छेद २

## इजाजत प्रक्रिया

६. **इजाजत लिनुपर्नेः** नगरपालिका क्षेत्रभित्र रहेका जुनसुकै जग्गा धनीले भारी यान्त्रिक उपकरणको प्रयोग गरी वानगरी देहायको कार्य गर्दा गराउँदा नगरपालिकाको कार्यालयबाट इजाजत लिनु पर्नेछ :

(क) मेशिनरी उपकरण प्रयोग गरी वानगरी जमीन उत्खनन गरी खेतियोग्य वा भवननिर्माण योग्य बनाउने कार्य ।

(ख) जमीन सतहमा वा जमीनको पींधमा रहेका खानीजन्य पदार्थहरु संकलनगर्ने कार्य ।

(ग) पोखरी निमार्ण गर्ने कार्य ।

(घ) इटा वा टायल निर्माणकोलागि माटो झिक्ने कार्य ।

(ङ) उत्खननबाट निस्कने साधारण खानीजन्य पदार्थ एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने कार्य ।

तर, हाते औजारको प्रयोग गरी आफ्नो स्वामित्वमा रहेको जमीन खनी निस्कने माटो सोही वडामा रहेको आफ्नै जग्गामा लैजानका लागि इजाजत लिइरहनुपर्ने छैन ।

७. **इजाजतको लागि निवेदन दिने** : निजी स्वामित्वमा रहेको जग्गावाट खानीजन्य पदार्थ संकलन, उत्खनन तथा ओसारपसारको लागि देहाय बमोजिमको कागजात सम्लग्न राखी अनुसूची १ बमोजिमको ढाचाँमा नगरपालिका कार्यालयमा इजाजतका लागि निवेदन दिनु पर्नेछ :

(क) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि-१

(ख) नेपाली नागरिकताको प्रतिलिपि-१

(ग) सम्बन्धित वडाबाट चारकिल्ला सहितका सिफारिस पत्र-१

(घ) जग्गाको भूमिकर (मालपोत)तिरेको रसिदको प्रतिलिपि-१

(ङ) जग्गाको कित्तानम्वर खुलेको नापीनक्साको प्रतिलिपि-१

(च) उत्खनन गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनीको सहमति ।

८. **इजाजत प्रदान गर्ने विधि** : दफा ७ बमोजिम रितपूर्वकको निवेदन प्राप्त भएपछि कार्यालयले देहाय बमोजिको कार्यविधि पूरा गरी कागजात प्राप्त भएको मितिले ७ दिनभित्र इजाजत दिन सक्नेछ :

(क) निवेदन उपर प्रारम्भिक छानविन गरी जग्गाधनीको सनाखत गर्ने ।

(ख) सामाजिक तथा वातावरणीय पक्षको प्रारम्भिक लेखाजोखाको लागि वडा समितिको सदस्यको रोहवरमा सँधियार तथा छिमेकीहरुको भेला गराई अनुसूची-२ बमोजिमको ढाचाँमा कार्यालयले तोकेको प्राविधिक कर्मचारीले प्रतिवेदन तयार गरी पेश गर्ने ।

(ग) प्रारम्भिक लेखाजोखा बाट सम्भाव्य देखिएमा उत्खनन वा संकलन हुने खानीजन्य पदार्थको परिमाण र ओसारपसार हुने परिमाणको यकीन गर्ने ।

(घ) जग्गाधनीले उत्खननगर्दा निस्कने पदार्थहरुको कुल परिमाणमध्ये ओसारपसार हुने ढुङ्गा वा गिट्टी, बालुवा वा चिप्स, ग्राभेल वा पुरुवा, माटो र चट्टान वा स्लेटको परिमाण यकिन गरी आर्थिक ऐनले तोकेको दरमा नगरपालिकामा राजस्व बुझाउने ।

(ङ) राजस्व दाखिलाभई सकेपछि उत्खननवा संकलन गर्ने परिमाण, उत्खनन तथा ओसार पसारमा प्रयोग हुने उपकरण तथा ढुवानी साधनको विवरण र अवधी तोकि संकलन वा उत्खनन कार्यको लागि

एक आर्थिक बर्ष नबढ्ने गरी कार्यालयले इजाजत दिन सक्नेछ ।

९. **धरौटी राख्नुपर्ने :** दफा ८ को उपदफा (ङ) बमोजिम इजाजत प्रदान गर्दा इजाजत शुल्कको १० प्रतिशतले हुनआउने रकम धरौटी राख्नु पर्नेछ ।

१०. **म्याद थप गर्न सकिने :** (१) जग्गाधनीले मनासिब कारण देखाई तोकिएको अवधिभित्र तोकिएको परिमाणमा उत्खनन तथा ओसारपसार गर्न नसकेमा म्याद थपको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्तभएमा कार्यालयले भए गरेको कामको नापजाँच गरी प्रतिवेदन पेश गर्न प्राविधिक कर्मचारी खटाउनु पर्नेछ ।

(३) प्राविधिक कर्मचारीले दिएको प्रतिवेदन तथा वडा समितिको सिफारिसको आधारमा मागभई आएमा कारण मनासिव देखिए बाँकी रहेको कार्यसम्पादन गर्न कार्यालयले म्याद थप गर्न सक्नेछ ।

तर, एक आर्थिक बर्ष नाघ्ने गरी म्यादथप गर्न पाईने छैन ।

११. **विवरण हेरफेर गर्न सकिने :** खानीजन्य पदार्थको संकलन,उत्खनन तथा ओसार पसारका लागि इजाजत पत्रमा उल्लिखित यान्त्रिक उपकरण तथा ढुवानी साधनको विवरण परिवर्तनको लागि माग भई आएमा आवश्यकता र औचित्वका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद ३

## उत्खननका लागि शर्त तथा मापदण्ड

१२. **उत्खननका लागि शर्त तथा मापदण्डहरु :** उत्खननका लागि इजाजत प्राप्त व्यक्तिले प्रस्तावित स्थलमा उत्खनन गर्दा देहाय बमोजिमका शर्त

तथा मापदण्डहरु पालना गर्नु पर्नेछ स(

(क) उत्खनन इजाजत पत्रमा उल्लिखि तयान्त्रिक उपकरण र ढुवानी साधनको मात्रप्रयोग गर्नु पर्नेछ ।

(ख) पोखरी निर्माणको हकमा बढीमा ६ फिट गहिराइ सम्म मात्र उत्खनन गर्नु पर्नेछ ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमीनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन गर्नु पर्नेछ ।

(घ) डाँडा खाला मिलाई खेतीयोग्य जमीन बनाउने कार्यको हकमा सबभन्दा उँचोभागलाई हटाउने सम्मको परिमाणसम्म उत्खनन गर्नु पर्नेछ ।

(ङ) ढुङ्गा, ग्रेग्रान,गिट्टी,बालुवा हटाई जमीन सुधार गर्न वा खेतीयोग्य बनाउन प्राविधिक नापजाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लघन गरी खाडल पुर्नुपर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित पक्षले गर्नु पर्नेछ ।

(च) उत्खनन कार्य बिहान ७ बजेबाट साँझ ६ बजे सम्म मात्र गर्नु पर्नेछ ।

१३. **इजाजत दिन नसकिने** : देहायको अवस्था र जग्गावाट खानीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न इजाजत दिइने छैन ।

(क) सरकारी पर्तीजग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकार मा रही भोगाधिकार मात्र प्राप्त भएको जग्गा ।

(ख) ताल तथा पर्यटकीय स्थलको प्रभावक्षेत्र भित्रको जग्गा ।

(ग) नदी, वन वा अन्यकिसिमको सार्वजनिक जमीन छोएको जग्गा ।

(घ) कुनै जग्गामा प्रस्तावित उत्खननले प्रकोप निम्त्याउन सक्दछ

भन्ने प्राविधिक प्रतिवेदनले औल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।

(ङ) खानीजन्य पदार्थ उत्खनन गर्न निषेध भएको क्षेत्र ।

(च) रुख कटान गरी उत्खनन गर्नुपर्ने जग्गा ।

(छ) कार्यालयबाट भएको सामाजिक तथा वातावरणीय लेखा जोखाले अनुपयुक्त देखाएको जग्गा ।

तर, सार्वजनिक हितको लागि नगरपालिकाको स्वीकृत कार्यक्रम बमोजिम सार्वजनिक वा सरकारी पर्ती जग्गामा निर्माण हुने सडक, पोखरी, कुलो, नहर आदि निर्माण वा सरसफाइ गर्दा निस्कने खानीजन्य पदार्थलाई आर्थिक ऐन बमोजिमको दरमा सोझै इच्छुक व्यक्ति वा संघ संस्था, कम्पनीलाई विक्रि बितरण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

१४. **ओसारपसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्डहरु :** इजाजत लिई संकलन वा उत्खननबाट निस्केका खानीजन्य पदार्थहरु अन्यत्र ओसार पसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ :

(क) उत्खनन स्थलबाट अन्यत्र ओसारपसार गरिने पदार्थहरुको उत्खनन कर्ताले पटके चलानपुर्जा जारी गरी सोको अभिलेख तोकिएको ढाँचाको राख्नु पर्नेछ । चलान पुर्जा तथा खाताको नमूना नगरपालिकावाट लिई खानीजन्य पदार्थ संकलन वा उत्खनन कर्ताले आफैले छपाई गर्नु पर्नेछ ।

(ख) खानीजन्य पदार्थको संकलन वा उत्खननकर्ताले कार्य सम्पन्न भएपछि चलानपुर्जाको एक प्रति र सोको परिमाण खुल्ने तेरीज तयार गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(ग) उत्खन नभएको पदार्थ ढुवानी गर्ने ढुवानी साधनहरुमा १२० घनफिट सम्मको ट्रेक्टर वा २५० घनफीट सम्मको ट्रक/टिपर मात्रको प्रयोग गर्न पाउनेछ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र राजमार्ग बाहेकका भित्री सडकमा सवारीको गति समेत ४० कि.मी. प्रतिघण्टा भन्दा कम गतिमा चलाउनु पर्नेछ।

(ङ) ओसारपसार गर्ने भित्री बाटोहरुमा क्षति भएमा सोको मर्मत-सम्भार उत्खनन कर्ताले नै गर्नु पर्नेछ।

(च) स्थानीय नागरिकहरुबाट भएका उत्खनन तथा ओसारपसार सम्बन्धमा कुनै गुनासो राखेमा सो को व्यवस्थापन उत्खनन कर्ताले नै गर्नु पर्नेछ।

(छ) उत्खनन स्थलमा तोकिएको विवरण सहितको सूचना पाटी राख्नु पर्नेछ।

(ज) ओसारपसारका लागि लोड भएको ढुवानी साधन भित्री सडक किनारामा रोकी राख्न पाइने छैन।

१५. **धरौटी फिर्ता** : जग्गाधनीले दफा १४ को (ख) बमोजिमको चलानपुर्जा तथा तेरिज पेश भएको १५ दिनभित्र कार्यालयले जाँचबुझ गरी दफा ९ बमोजिमको धरौटी फिर्ता दिनु पर्नेछ।

## परिच्छेद ४

## कार्यविधि पालना गर्ने गराउने सम्वन्धी व्यवस्था

१६. **अनुगमनतथा निरीक्षण सम्बन्धी व्यवस्था** : यस कार्यविधि बमोजिम प्रदान गरिएको इजाजत अनुसार खानीजन्य पदार्थको संकलन, उत्खनन तथा ओसारपसार सम्वन्धी भएका काम-कारवाहीको अनुगमन गर्न

देहाय बमोजिमका संयन्त्र परिचालन गरिनेछ :

(क) **नगरपालिकाबाट गरिने अनुगमन** : महानगरपालिकाको उप-प्रमुख संयोजक रहेको अनुगमन तथा सुपरिवेक्षण समितिले खानीजन्य पदार्थको संकलन, उत्खनन तथा ओसारपसार कार्यको अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(ख) **कार्यालयबाट गरिने अनुगमन** : इजाजत प्रदान गरी सकेपछि सम्वन्धित वडा अध्यक्ष तथा कार्यालयले तोकेको कर्मचारीबाट संयुक्त रुपमा कार्य प्रारम्भ गर्न लगाउने र कार्य प्रारम्भ भई सकेपछि महिनामा १ पटक र कार्य सम्पन्न भई सकेपछि अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ । यसरी गरिएको अनुगमनको आधारमा नगरपालिकामा प्रतिवेदन पेश गर्ने दायित्व अनुगमनको लागि तोकिएको सम्बन्धित कर्मचारीको हुनेछ ।

(ग) **नगर प्रहरी र नेपाल प्रहरीबाट गरिने अनुगमनः** उत्खनन तथा ओसारपसार कार्यको इजाजत प्रदान भैसके पछि स्थानीय प्रहरीले इजाजतका शर्त पालना भए नभएको अनुगमन गर्न सक्नेछ । यस्तो अनुगमनवाट शर्त उल्लंघन भएको पाइएमा उल्लंघनकर्ता र उल्लंघनमा संलग्न ढुवानी साधनलाई समेत नियन्त्रणमा लिई कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

१७. **शर्त उल्लघन गर्ने उपरको कारवाही** : खानीजन्य दार्थ संकलन, उत्खनन र ओसारपसार गर्दा पालना गर्नुपर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाइएमा त्यस्तो उत्खननकर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम कार-वाही हुनेछ :

(क) तोकिएको स्थानमा बाहेक अन्यत्र खानीजन्य पदार्थ संकलन वा उत्खनन गरेकोमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक ऐनले तोकेबमोजिम जरिवाना असुल गरिनेछ ।

(ख) स्वीकृत भएको परिमाण र गहिराइ भन्दा बढी संकलन वा उत्खन नगरेको पाइएमा तत्काल इजाजत पत्र खारेज गरी आर्थिक ऐनले तोके बमोजिम जरीवाना लिई उत्खनन गरेको स्थलको खाडल पुर्न लगाइनेछ ।

(ग) इजाजतमा तोकिएका साधन बाहेक अन्य साधनबाट उत्खनन तथा ओसारपसार गरेमा वा यस कार्यविधिको दफा १९ बमोजिम कार्यालयले दिएको निर्देशन पालना नगर्ने जग्गाधनीको इजाजतपत्र तत्कालै खारेज गरिनेछ ।

१८. **धरौटीबाट असुल उपर गर्न सक्ने** : दफा १७ बमोजिमको कारवाहीवाट निर्धारित जरिवाना सम्वन्धित जग्गा धनीले नबुझाएमा वा निजले पूरा गर्नुपर्ने कुनै दायित्व पूरा नगरेमा धरौटी रकमबाट असुल उपर गरिनेछ ।

१९. **निर्देशन पालना गर्नुपर्ने** : खानीजन्य पदार्थको संकलन, उत्खनन तथा ओसारपसार कार्यको इजाजतप्राप्त व्यक्ति वा संस्थाले प्राप्त गरेको इजाजत पत्रमा उल्लेख भएको शर्तका अतिरिक्त अनुगमन पश्चात कार्यालयले दिएको थप लिखित निर्देशन पालना गर्नु सम्बन्धित जग्गाधनीको कर्तव्य हुनेछ ।

२०. **बाधा अड्काउ फुकाउने अधिकार** : (१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो वाधा अड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरामा तात्वीक असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

२१. **बचाउ** : यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

(दफा७ संग सम्वन्धित)

निजी स्वामित्वमा रहेको जग्गावाट खानीजन्यपदार्थ संकलन, उत्खनन तथा ओसारपसार को लागि महानगरपालिकामा दिने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुखप्रशासकीयअधिकृतज्यू
पोखरा महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
कास्की, गण्डकी प्रदेश, नेपाल ।

विषय : निजी जग्गावाट संकलन तथा उत्खननवाट निस्कने खानीजन्य पदार्थ ओसारपसारको लागि इजाजत सम्वन्धमा ।

मेरो नाममा दर्ता कायम रहेको जिल्ला कास्की, साविक.................................. गा.पा./नपा वडा नं.......... स्थित कि.नं.....................को अन्दाजी जग्गा.................. ......मा.......................................................... कार्य गर्न यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन गर्ने इजाजत पाउन सादरअनुरोध गर्दछु । उत्खनन बाट निस्कने पदार्थहरु अन्यत्रओसारपसार गर्ने/नगर्ने भएकोले नियमानुसार दस्तुर लिई इजाजत पाउन अनुरोध गर्दछु । आबश्यक प्रमाणहरु निम्नानुसार रहेको छ ।

**तपशिल**

(क) जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि १

(ख) नेपालीनागरिकताको प्रतिलिपि १

(ग) सम्बन्धित वडाबाट चारकिल्ला सहितको सिफारिस पत्र १

(घ) जग्गाको भूमिकर (मालपोत) तिरेको रसिदको प्रतिलिपि १

(ङ) जग्गाको कित्ता नम्वर खुलेको नापीनक्साको प्रतिलिपि १

(च) उत्खननगर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनीको सहमति ।

**निवेदकको**

नाम थरः-

ठेगाना :-

दस्तखत :-

मिति :-

मोवाईल फोन नं :-

## अनुसूची २

**(दफा ८ को (ख) संग सम्बन्धित)**

स्थलगत रुपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फाराम

श्रीमान् प्रमुखप्रशासकीयअधिकृतज्यू
पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कास्की, गण्डकी प्रदेश, नेपाल ।

निजी जग्गामा यान्त्रिक उपकरणको प्रयोग गरी वा नगरी निजी जग्गामा पोखरी निर्माण गर्न वा खेति योग्य बनाउन वा भवन निर्माण कार्य गर्न जग्गाको सतह वा भूगर्भमा रहेको खानीजन्य पदार्थको संकलन, उत्खनन तथा ओसारपसार कार्यका लागि प्रारम्भिक चरणमा स्थलगत रुपमा गरिएको संभाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन ।

**१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरिएको प्रमाणीकरण ।**

(क) निवेदक जग्गाधनीको नाम थर :

(ख) सम्पर्क फो.न. :

(ग) ठेगाना : ............ नपा/गापा .................वार्ड.नं.........टोल :.........

(घ) खेति योग्यवनाउने वापोखरी निर्माण गर्ने वाभवननिर्माण कार्य गर्ने प्रस्तावित स्थलको ठेगाना :.....................................

(ङ) प्रस्तावित जग्गाको कि.नं. .......... क्षेत्रफल ................

(च) महानगरपालिकाको वडा नं. को सिफारिस मिति.................. च.न....

(छ) खेतियोग्यबनाउने वापोखरी निर्माण गर्ने वाभवननिर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन गर्नुपर्नाको कारण(निवेदकको भनाइ)

.........................................

.........................................

.........................................

.........................................

(ज) खेतियोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्यपदार्थको संकलन वा उत्खनन कार्यको लागि सँधियार र छर छिमेकको भनाइः

.........................................

.........................................

.........................................

.........................................

(झ) खेतियोग्य बनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्दा खानीजन्य पदार्थको संकलन वा उत्खनन सम्वन्धमा प्राविधिक कर्मचारीको रायः

.........................................

.........................................

.........................................

.........................................

उल्लिखित विवरण मैले सम्बन्धित कार्यस्थलमा गई सत्यतथ्य बुझी पछिसम्म फरक नपर्ने गरी तयार गरेको छु भनि सही गर्ने:

दस्तखत:

कर्मचारीको नाम थर :

पद :

मिति :

**२. प्राविधिक लेखाजोखा सम्बन्धी गरिएको प्रमाणीकरण ।**

(क) खेतियोग्यबनाउने वापोखरी निर्माण गर्ने वाभवननिर्माण कार्य गर्ने प्रस्तावित स्थानको क्षेत्रफल :

(ख) प्रस्तावित स्थानको औसत लम्बाइः ....... चौडाइः ........... उचाइः ...........

(ग) संकलनवाउत्खननगर्दा निस्कने सबै पदार्थको अनुमानितकुल परिमाण:

(घ) प्रस्तावित स्थलबाट हटाउनु पर्ने वाओसारपसार हुनसक्ने खानीजन्य पदार्थको अनुमानित परिमाण:

१. ढुङ्गा वा गिट्टी वा बालुवा वा चिप्स:

२. ग्राभेलवा पुरुवा:

३. माटोः

४. चट्टान वा स्लेटः

(ङ) प्रस्तावित स्थलबाट संकलन, उत्खनन र ओसारपसार गर्ने औजार तथा ढुवानी साधनः

१. दैनिकओसारपसार हुनसक्ने अनुमानितपरिमाण :

२. ओसारपसार गरी लैजाने सम्भावितस्थानहरुः :...........

३. संकलनवाउत्खनन् गर्न प्रयोग गरिने मेसिनरी औजारहरुको विवरण : ...... मेसिन ... वटा, ...... मेसिन ... वटा,

४. ओसारपसारमा प्रयोग हुने ढुवानी साधनहरु र संख्याः:.... गाडी . ... वटा, .... गाडी .. वटा.

(च) उत्खनन् कार्य सम्पन्नहुने प्रस्तावितमिति :

(छ) कार्य सम्पन्न भए पछि निरीक्षण गराउने मिति :

उल्लिखित सबै विवरण नगरपालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नापजाँच तथा सोधपुछ गरी भरेका हुन भनि सही गर्नेः

दस्तखतः

जग्गाधनीको नाम थर :

मितिः

उल्लिखित सवै विवरणहरु मैले सम्बन्धित स्थलमा गै जग्गाधनीको रोहबरमा तयार गरेको हुँ,

सबै विवरणहरु सहीसत्य छन भनी सही गर्नेः

दस्तखतः

कर्मचारीको नाम थर :

मिति :

**३. सामाजिक लेखाजोखा सम्बन्धी गरिएको प्रमाणीकरण ।**

(क) खेतियोग्य वनाउने वा पोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्ने जग्गाको चारकिल्लाका सधिंयारहरुको विवरण र मन्जुरीः

हाम्रो जग्गाको साँधसिमानामा रहेको जग्गाधनी श्री............................... को जग्गामानिजले .....................कार्य गर्ने प्रस्ताव गरेको कुरा थाहाभयो । निजले सो कार्य गरेमा हामी चार किल्लामारहेका तपशिलका जग्गा धनीहरुलाई कुनै आपत्ति छैन भनी महानगरपालिका का वडा नं ..... का वडा अध्यक्ष/वडा सदस्य श्री..........................................को रोहबरमा मन्जुर गरी दस्तखत गरिदियौं ।

चारकिल्लाका जग्गाधनीको नाम, थर,दस्तखत

पूर्व श्री

पश्चिमश्री

उत्तर श्री

दक्षिण श्री

साक्षीहरुः

१.

२.

३.

(ख) संकलन वा उत्खनन भै निस्कने पदार्थहरु ओसारपसार गरी लैजाने भित्री सडकहरुको नामः ......

(ग) उक्त सडकको वरिपरि बस्ने स्थानीय वासिन्दाको प्रतिक्रिया :

........................................

........................................

........................................

........................................

(घ) ओसारपसारका क्रममा पर्न सक्ने वातावरणीय असरहरु :

........................................

........................................

........................................

........................................

(ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनुपर्ने सावधानीहरु :

१........................................

२........................................

३........................................

........................................

(च) प्रस्तावित खेतियोग्य बनाउने वापोखरी निर्माण गर्ने वा भवन निर्माण कार्य गर्न खानीजन्य पदार्थको संकलन वा उत्खनन गर्ने क्षेत्र वा सिमाना पानीको मुहान, रुखविरुवा, नदी, ताल, सांस्कृतिक वा पुरातात्विक सम्पदा, वन, सार्वजनिक जग्गा वा अन्य यस्तै संरक्षित वा संवेदनशील क्षेत्र पर्ने वा नपर्ने (पर्ने भए के कस्तो हो विस्तृतमा उल्लेख गर्ने):

..........................................

..........................................

..........................................

..........................................

स्थलगत अध्ययन गरी सवै विवरणहरु ठिक भएकाले .................................
............... गर्न इजाजत दिन उपयुक्त छ भनी सिफारिश गर्नेः

दस्तखतः

कर्मचारीको नाम थरः

पदः

मितिः

**५. सम्वन्धित शाखा प्रमुखको राय :**

स्थलगत अध्ययन विवरण र प्राविधिक नापजाँचका आधारमा .................. इजाजत दिन मनासिव भएकोले सिफारिस गर्दछु ।

दस्तखतः

शाखाप्रमुखको नाम थरः

मितिः

**६. राजस्वशाखाको राय :**

राजस्वनिर्धारण :......

राजस्वबुझाएको विवरणः

नगदी रसिद नं........................

धरौटी बुझाएको विवरणः

धरौटी रसिद नं........................

दस्तखतः

शाखाप्रमुखको नाम थरः

मितिः

**७. स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गरी वा नगरी ...................प्रयोजनका लागि खानीजन्य पदार्थ संकलन वा उत्खनन गर्न स्वीकृति दिने अधिकारीको :**

दस्तखतः

नामः

पदः

मिति :